## मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

नेपालगञ्ज उप-महानगरपालिका ०१ नं. वडामा बसोबास गर्ने श्री नम बहादुर मल्लले मिति २०८१/०६/२० गते पेश गर्नु भएको निवेदनानुसार यस नेपालगञ्ज उप-महानगरपालिकाको मातहतमा रहेको फोहोर बोक्ने गाडि नं. भे २ त १९५४ (ट्याक्टर) ले मिति २०८१/०६/०७ गते फोहोर उठाउने क्रममा लु ५३ प २७२० को स्कुटरलाई ठक्कर दिदा क्षति भएकोले सो स्कुटर मर्मत तथा उपचार खर्च बापतको रकम रु.१४०००.००(अक्षरुपी चौध हजार मात्र) निवेदकको नाममा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालगञ्ज उप-महानगरपालिका स्वास्थ्य तर्फको वित्तिय समानिकरण अन्तर्गतका कार्यक्रमहरुको सञ्चालन मार्गदर्शन, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिका २० नं. वडामा अवस्थित बहुउद्देशीय भवनमा बर्निङ्ग सेन्टर सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी पेश गर्नका लागि स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नेपालगञ्ज उप-महानगरपालिकामा आ.व. २०८१/०८२ का लागि सूचीकृत वेरोजगारहरु क्र.सं. १(एक) वेलुमति श्रेष्ठ देखि क्र.सं. ४६४(चार सय चौसठ्ठी) अजमेर अलि दर्जि समेत जम्मा ४६४ जना (चार सय चौसठ्ठी) जनाको सूची सूचीकृत वेरोजगारहरुको रुपमा स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालको मिति २०८१/०५/२६ गतेको पत्रानुसार आर्थिक सहयोगका लागि माग भएको हुँदा सोको लागि जम्मा रकम रु.२५०००.०० (पच्चिस हजार मात्र) आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाललाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगञ्ज उप-महानगरपालिका राजस्व परामर्श समितिको मिति २०८१/०६/२३ गतेको बैठकका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**

**निर्णय नं.१**

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १६ स्थीत जमुनाह भन्सार सीमा क्षेत्रमा ई-रिक्सा लगायतका सवारी साधन पार्किङ्गको शुल्क संकलन कार्यको लागि मिति २०७९/०६/१४ गते

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर प्रमुख
...गञ्ज उप महानगरपालिका



क्रमशः

मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

भएको २(दुई) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८१/०६/१३ गते सकिएको हुंदा नयाँ टेण्डर आव्हान गर्नुपर्ने भएकोले वहाल वापत न्यूनतम वार्षिक मूल्य १८०००००/- (अक्षरुपी अठार लाख मात्र) भ्याट वाहेक कायम गरी मूल्य बढाबढमा वोलपत्र आव्हान गर्ने।

निर्णय नं.२

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.४ स्थीत वसपार्क परिसर भित्र करिव तीन कठ्ठा जग्गामा गाडी वासिङ्ग र ग्रिजिङ्गको लागि जग्गा भाडामा लिने/दिने गरी मिति २०७६/०६/१५ गते भएको ५ (पाँच) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८१/०६/१४ गते सकिएको हुँदा नयाँ टेण्डर आव्हान गर्नुपर्ने भएकोले बहाल वापत न्यूनतम मासिक मूल्य ३००००/- (अक्षरुपी तीस हजार मात्र) भ्याट बाहेक कायम गरी मूल्य बढाबढमा वोलपत्र आव्हान गर्ने ।

निर्णय नं.३

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.२१ र २२ मा पर्ने कान्ति ताल (बोटिङ, माछापालन र पर्यटन) तोकिएको शर्तहरुको अधिनमा रहि सञ्चालन गर्न १० वर्ष अवधिको द्विपक्षिय करार सम्झौता प्रथम पक्ष नेपालगञ्ज उप-महानगरपालिका र दोस्रो पक्ष श्री फन बहादुर गुरुङ्ग विच २०७८/०४/२७ गते भएको । उक्त सम्झौताको बुदाँ नं.९ मा बोटिङ्ग शूल्कका दरहरु हरेक ३/३ वर्षमा नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम बोटिङ्ग शूल्क परिमार्जन भएमा सोही वमोजिम हुने व्यवस्था अनुरुप नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १ स्थीत वाटर पार्कको बोटिङ्गको लागि निर्धारण गरीएको शूल्क तथा क्षेत्रसँग सामायोजन हुनेगरी देहाय बमोजिम नयाँ दरहरु कायम गर्ने ।

देहाय

| सि.नं. | बोटिङ्ग विवरण | शुल्क |
|---|---|---|
| अ. | तिन फन्का राउण्डको | रु.२००/- |
| आ. | थप एक फन्का राउण्ड सहित | रु.२५०/- |

निर्णय नं.४

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.२० क्षेत्रभित्रको विभिन्न स्थानहरुमा रहेको तालतलैयहरु (मुनिया ताल, मरघटिया ताल, नहपुल ताल, अमिला नाला) मा माछापालन गर्नको लागि वार्षिक रु.८१७८६/- (एकासी हजार सात सय छयासी मात्र बुझाउने गरी पाँच वर्षका लागि मिति २०७८/०५/२७ गते नेपालगन्ज उप-महानगरपालिका र श्री जुगलाल कहार विच सम्झौता भएकोमा सम्झौता प्राप्त गर्ने पक्षले घरायसी समस्या दर्शाई सम्झौता रद्द गरी पाँउ भनी मिति २०८०/०४/१९ गते निवेदन दिएको। निजको वक्यौताका सम्बन्धमा निजले निवेदन दिएको मिति सम्मको बुझाउनुपर्ने बहाल रकम बुझाएकोले निवेदन दिएको मिति देखि लागू हुने गरी सम्झौता रद्द गर्ने ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख

## मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

नेपालगञ्ज उप-महानगरपालिका, बाँके, लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ०७**

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८१/०८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अनुसार स्वीकृत योजना तथा कार्यक्रम कसगर समुदायका व्यक्तिहरुको जिविकोपार्जनको लागि सवलिकरण कार्यक्रममा प्राप्त रकम रु.१,५०,०००००/- (एक करोड पचास लाख) को कार्यक्रम स्वीकृतका लागि नेपालगञ्ज उप-महानगरपालिकाको अश्व तबेला तथा कसगरहरुको कल्याणकारी एवं सुरक्षित आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ९(१) बमोजिमको नगर स्तरीय अश्वपालकहरुको आवास, तबेला तथा पुननिर्माण वासस्थान निर्माण छनौट एवं कार्यान्वयन समितिको मिति २०८१/०७/०८ गतेको निर्णय समेत भएको हुँदा तपसिल बमोजिमको बजेट, योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| बजेट, योजना तथा कार्यक्रमहरुको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिनं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रकम रु. | २०८१/०८२ मा विनियोजित रकम रु. | कैफियत |
| १ | व्यक्तिगत घर निर्माणको लागि सहयोग | प्रति घर | ४५ | ४००००० | १८०००००० | ८८,००,००० | २२ वटा व्यक्तिगत घर निर्माण |
| २ | घरहरुको पूननिर्माणको लागि आंशिक सहयोग | प्रति घर | ७० | १००००० | ७०००००० | ८,००,००० | ८ वटा घर पूननिर्माण |
| ३ | अनौपचारिक शिक्षा | प्रतिवार्ड | ७ | १२५००० | ८७५००० | ८,७५,००० | |
| ४ | १५० जना महिलालाई सिप अभिवृद्धि तालिम | प्रतिव्यक्ति | १५० | २५००० | ३७५०००० | ८,२५,००० | ३३ जना महिलालाई सिप अभिवृद्धि तालिम दिने |
| ५ | समुदायका युवा पुरुषहरुको लागि सिप अभिवृद्धि तालिम | प्रतिव्यक्ति | ५० | २५००० | १२५०००० | ०।०० | |
| ६ | जीविकोपार्जनका गतिविधिहरुको लागि अनुदान सहयोग | प्रतिपरिवार | १५० | २५००० | ३७५०००० | ०।०० | |
| ७ | नयाँ प्रविधिले माटोको सामग्री बनाउने | लगभग | १ | १०००००० | १०००००० | १०,००,००० | |
| ८ | वित्तिय साक्षरता कार्यक्रम | प्रति वर्ष | ५ | २००००० | १०००००० | ८,००,००० | |
| ९ | पशु आश्रय निर्माणका लागि सहयोग | प्रतिसेल्टर | २ | २५०००० | ५००००० | ०।०० | |
| १० | पशु आश्रय निर्माणका लागि आंशिक सहयोग | | ५० | ८००००० | ४०००००० | ०।०० | |
| ११ | संक्रामक र जुनोटिक रोगहरुबारे सचेतना | प्रतिवार्ड | ७ | ३०००० | २१०००० | ०।०० | |
| १२ | जैविक सूरक्षा र सरसफाईमा संवेदनशीलता | प्रतिवार्ड | ७ | १००००० | ७००००० | ७,००,००० | |
| १३ | ५ वर्षमुनिका बालबालिकालाई पोषण सहयोग | प्रतिवार्ड | ७ | १००००० | ७००००० | ०।०० | |
| १४ | जनावरहरुको लागि खोप तथा शिविर कार्यक्रम सञ्चालन | प्रतिवार्ड | ७ | ८५७१४ | ६००००० | ०।०० | |
| १५ | पिउँनेपानीको श्रोत संरक्षण | लमसम | १ | ५०००००० | ५०००००० | ०।०० | |
| १६ | फोहोर व्यवस्थापन | प्रतिवार्ड | ७ | १०००००० | ७०००००० | ९,७५,००० | |
| १७ | अनुगमन, मुल्याङ्कन तथा बैठक खर्च | लमसम | १ | ७५०००० | ७५०००० | २,२५,००० | |
| जम्मा रकम | | | | | ५६,०८,५००० | १,५०,००,००० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



नगर-प्रमुख
नेपालगञ्ज उप महानगरपालिका

CamScanner

## मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ०८

जि. बाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं.०३ हालको वडा नं.०२ बस्ने शेषपछिको बकसपत्र (अष्टलोह) दिने हिरामान हरि गिरी (हरि शंकर गिरी नागा बाबा) र बकसपत्र लिने निबेदक श्री हनुमानगढी मन्दिर संचालन तथा व्यवस्थापन समिति नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ भएको र.नं.३०९ क मिति २०७७/०४/३२ गते श्री भूमिसुधार तथा मालपोत कार्यालय बाँकेबाट रजिष्ट्रेशन पारित शेषपछिको बकसपत्र अष्टलोह दाता हिरामान हरि गिरीको मिति २०७७/०५/०९ गते स्वर्गवास हुनु भएको हुँदा निज दाता हिरामान हरि गिरी र हरि गिरी नागा जोगी तथा तथा नागावनको शिष्य हरि गिरी यि तिनै नाम थर फरक-फरक भएको व्यक्ति अलग- अलग नभई एकै व्यक्ति हिरामन हरि गिरी भएको हुँदा हरि गिरी (हरि गिरी नागा जोगी) को नाममा दर्ता रहेको उल्लेखित घरजग्गा अष्टलोह शेषपछिको बकसपत्र बमोजिम दा. खा. गरी पाउँ भनि श्री हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समिति नेपालगञ्ज - ०२ को अख्तियार प्राप्त हरिचन्द्र आचार्यले यस कार्यालयमा पेश गरेको निबेदनपत्रमा कारवाही भई श्री भमिसुधार तथा मालपोत कार्यालय बाँके बाट प्राप्त मिति २०८१/०५/२६ को जानकारी पत्र र २ नं. वडा कार्यालय नेपालगञ्ज वाट प्राप्त सर्जमिन मुचुल्का र सिफारिस तथा पारित लिखत बमोजिम निबेदक श्री हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समिति नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ को नाममा दा.खा. नामसारी गरी दिनु पर्ने देखिएको हुँदा यस उप-महानगरपालिका तालुक पुल्पार वागेश्वरी टोल नं.२६३ को ज.वि. ०-०-१६ तथा विठौरी नं. २५० को ज.वि. ०-८-११ धुर घरजग्गा साबिक दर्तावाला हरि गिरी नागा जोगी एवं (नागा वनको शिष्य हरि गिरी) को नाम लगत श्रेस्ताबाट कट्टा गरी आ. व. २०८२/०८३ देखि तिरो लिने गरी निबेदक श्री हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समिति नेपालगञ्ज ०२ को नाममा कायम हुने गरी दा. खा. नामसारी गरी दिने र दा.खा. बापत नगर सभाको निर्णयानुसार उल्लेखित घरजग्गाको आ.व.०८१/०८२ मा तिरो तिरेको सम्पत्तिकर रसिदमा कायम गरिएको जम्मा मुल्य रु.३,३३,८७,१५०।- को नगर सभाको निर्णय अनुसार एक प्रतिशतका दर हुने दा. खा. दस्तुर रु. ३,३३,८७१।५० निबेदन दस्तुर रु. १०।- म्याद नघाई दा.खा. गराए वापत दस्तुर रु.१००।- समेत जम्मा दस्तुर रु. ३,३३,९८१।५० (तीन लाख तेत्तिस हजार नौ सय एकासी रुपैया र पचास पैसा) लाग्ने सम्पूर्ण शुल्क दस्तुर सार्वजनिक र धार्मिक संस्था भएको हुँदा संरक्षणको दायित्व समेत भएकोले दा.खा. वापत लाग्ने उल्लेखित दस्तुर मिन्हा गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नेपालगञ्ज उप-महानगरपालिकाको दाईजो प्रथा रोकथाम तथा उन्मुलन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नेपालगञ्ज उप-महानगरपालिकामा कार्यरत सरसफाईकर्मीहरुका लागि पेशागत/व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति मार्गदर्शन, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ११

प्रस्तुत विषयमा यस नेपालगञ्ज उप– महानगरपालिकाद्वारा सञ्चालित आ.ब.२०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम ठेक्का नं. NSMC/SQ/W06/080/81 Cooling Center निर्माण गर्ने योजनाको रु.१७,४६,६६२।५६ (अक्षरेपी रु सत्र लाख छयालीस हजार छ सय बयसट्ठी रुपैया पैसा छपन्न मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेक रहेको र सो को ठेक्का सम्झौता लक्ष्मी निर्माण सेवा, चन्दननाथ-४ जुम्ला सँग कबोल अंक रु.१३,०४,१४९।२५(अक्षरेपी रु तेह्र लाख चार हजार एक सय उनान्पचास रुपैया पैसा पच्चीस मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेक मिति २०८१।०१।१३ गते सम्झौता भइ सम्झौता अवधि २०८१।०७।३० सम्म रहेकोमा "नेपालगनञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०५।०९ को निर्णयमा यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०३।०५ गतेको निर्णय नं. ७ बमोजिम चालु आ.व. २०८०।०८१ मा स्वीकृत बार्षिक कार्यक्रम Cooling Center निर्माण गर्ने कार्य ठेक्का नम्बर NSMC/SQ/W06/080/81 का लागि श्री लक्ष्मी निर्माण सेवा चन्दननाथ-०४ जुम्ला सँग सम्झौता मिति २०८१।०१।१३ गते भई सम्झौता अवधि २०८१।०७।३० सम्म रहेको निर्माण कार्यको कार्यान्वयनको चरणमा मिति २०८०।१२।१९ गतेको तातो हावाको लहर लु जोखिम ब्यवस्थापन कार्यक्रम सम्बन्धको समन्वय बैठकको निर्णय संख्या नं.१ (ग) बमोजिम छानामा जस्ता पाताको सट्टा सम्भव भए सम्म अन्य उपयूक्त प्रविधि युक्त सामाग्री (Insulted Materials) को प्रयोगको लागि पहल गर्ने निर्णय भए बमोजिम BOQ मा जस्ताको छाना हटाइ Insulted Materials भएको छाना प्रयोग गरि निर्माण गर्न BOQ मा नयाँ आईटम समावेश गरेर भेरिएसन गरि कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय भएकोमा सोमा थप फलामको ढोकाको सट्टा आलुमुनियमको ढोका प्रयोग गर्ने र ढोका हुने स्थानको वरन्डामा पनि छत राख्ने गरि भेरिएसन गरि कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय भएकोमा तपसिल बमोजिका कार्य समावेश गरी संशोधित लागत अनुमान तयार गर्दा सुरुको ल.ई. रकम रु. १७,४६,६६२।५६ (अक्षरेपी रु सत्र लाख छयालीस हजार छ सय बयसट्ठी रुपैया पैसा छपन्न मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेक रु.४,९७,७९०।२४ (अक्षरेपी रु चार लाख सन्तानब्बे हजार सात सय नब्बे रुपैया चौबिस पैसा मात्र (२८.५०%) बढ्न गई संशोधित लागत अनुमान रु. २२,४४,४५२।८० (अक्षरेपी रु बाईस लाख चवालिस हजारचार सय बाउन्न रुपैया पैसा असि मात्र भएको हुँदा नेपालगञ्ज उप-महानगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०८१ को नियम ८(४) (घ) बमोजिम लागत अनुमान संशोधन हुन र थप भएको आइटमहरुको दररेट निर्माण ब्यवसायी श्री लक्ष्मी निर्माण सेवा, चन्दननाथ-४ जुम्ला सँग दररेट माग गर्ने र उक्त दररेट उपर्युक्त नदेखिएमा Rate Negotiation गरी भेरिएसन आदेश प्रकृया अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यको बिवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | First class brick work 1:4 c/s mortar | Cum. | 1.7 | |
| २ | Providing and fixing MS truss with specify section and thickness as per drawing, specification and site instruction all complete work. | Kg. | 209.28 | |
| ३ | Supply and fixing of Aluminum sliding Door section 101x45x1.1 mm with 9 mm Nepal Board with installation | Sqm. | 5.12 | |
| ४ | UPVC Roofing Sheet Double Mesh | Sqm. | 182.08 | |
| ५ | UPVC Ridge Cover | Rm. | 16.20 | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

मिति २०८१/०७/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १२

नेपालगञ्ज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत-पत्र पाउँ भनि निवेदन पेश गरेका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | फर्मको विवरण | ठेगाना | प्रोप्राइटरको नाम | कै. |
|---|---|---|---|---|
| १ | काठमाण्डौं इनर्जी ग्रुप प्रा.लि. | ने.ग.उ.म.न.पा.-१, बाँके | नेत्र प्रसाद ज्ञवाली | |
| २ | जिपलाईक कन्स्ट्रक्सन प्रा.ली. | ने.ग.उ.म.न.पा.-४, बाँके | कल्पना कवर | |
| ३ | स्वालेह निर्माण सेवा | ने.ग.उ.म.न.पा.-४, बाँके | अब्दुल कदीर मुसलमान | |
| ४ | निमेश निर्माण सेवा | ने.ग.उ.म.न.पा.-५, बाँके | जितेन्द्र यादव | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका